21/11/2024

National News

<u>मुख्य समाचार</u>

- प्रधानमन्त्रीले अन्तर्राष्ट्रीय सहकारिता संगठनको वैश्विक सम्मेलनको गर्नुहुनेछ उद्घाटन
- राष्ट्रपतिले स्वर्गीय डा . हरेकृष्ण महताबलाई  अर्पण गर्नुभयो श्रद्धान्जली
- जम्मू-कश्मीरमा राष्ट्रीय जाँच एजेन्सीले आठबटा स्थानमा  गऱ्यो छापेमारी
- महाराष्ट्रमा विधानसभा चुनावकामा भयो पैंसट्ठी दशमलव एक-एक प्रतिशत मतदान
- सरकार मत्स्यपालन क्षेत्रमा सतत विकासका लागि प्रतिबद्ध

<u>पीएम - वैश्विक सहकारिता सम्मेलन</u>

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले यस महीनाको  पचीस तारीख नयाँ दिल्लीको भारत मण्डपममा अन्तर्राष्ट्रीय सहकारिता संगठनको वैश्विक सम्मेलनको उद्घाटन गर्नुहुनेछ। सहकारिता मन्त्रालयमा सचिव डा आशीष कुमार भूटानीले आज नयाँ दिल्लीमा संवाददाता सम्मेलनमा भन्नुभयो, पहलो पल्ट वैश्विक सहकारिता सम्मेलन र महासभा भारतमा आयोजित गरिदैछ । उहाँले भन्नुभयो , प्रधानमन्त्री श्री मोदीले अन्तर्राष्ट्रीय सहकारिता वर्ष दुई हजार पचीसमा स्मारक डाक टिकट जारी  गर्नुहुनेछ । छ दिनको यस सम्मेलनको थीम छ- सहकारिताले सबैका लागि समृद्धि। डा .भूटानीले भन्नुभयो यो सम्मेलनले सामूहिक, शान्तिपूर्ण र समृद्ध भविष्य सुनिश्चत गर्नमा सहकारिताको भूमिका रेखाङ्कित गर्दछ । उहाँले बताउनुभयो, भूटानका प्रधानमन्त्री श्री Dasho Shering Tobge र फिजीका उप प्रधान मन्त्री  श्री  Manoa Kami kamika –ले पनि यस सम्मेलनमा भाग लिनुहुनेछ।

<u>44 संशो राष्ट्रपति-हरेकृष्ण महताब</u>

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले उत्कल केसरी स्वर्गीय डा . हरेकृष्ण महताबलाई श्रद्धान्जली अर्पण गर्नुभयो । आज नयाँ दिल्लीमा स्वर्गीय  डा. हरेकृष्ण महताबको एक सय पचीसौँ जयन्तको उद्घाटन समारोहमा राष्ट्रपतिले उहाँको महताबको सम्मानमा विशेष स्मारक टिकट र सिक्का जारी गर्नमा प्रसन्न्ता व्यक्त गर्नुभयो । राष्ट्रपतिले भन्नुभयो , उहाँ सधै डा. हरेकृष्ण महताबको लेखन र भाषणले प्रेरित हुनुभएको छ ।  राष्ट्रपतिले स्वतंत्रता संग्राम र ओडिशाको गाउँमा गान्धीवादी विचार र दर्शनको प्रसार गर्नमा उहाँको भूमिका र सक्रिय योगदान बारे

विस्तार पूर्वक  बताउनुभयो। उहाँले भन्नुभयो , भारत एकीकरणमा उहाँले महत्वपूर्ण भूमिका निभाउनुभयो। राष्ट्रपतिले उहाँको नेतृत्व र राष्ट्रवादको विचारको सराहना गर्नुभयो।

<u>जम्मू-कश्मीर - एनआईए</u>

जम्मू-कश्मीरमा राष्ट्रीय जाँच एजेन्सी-एन.आई.ए-ले सीमाबाट घुसपैठको सिलसिलामा आठबटा स्थानमा छापेमारी गरिरहेको छ। हाम्रा संवाददाताले बताए अनुसार एन.आई.ए रियासी, डोडा, उधमपुर, रामबन र किश्तवाड़ जिलामा छापेमारी गरिरहिएको छ।यस अभियानमा एन.आई.ए-लाई जम्मू-कश्मीर पुलिस र सी.आर.पी.एफ. द्वारा सहायता प्रदान गरिदैछ। यस अघि बुधवार एन.आई.ए-ले कश्मीरमा दुई हजार बिसको नार्को-आतंकवाद मामिलामा आरोपी मुनीर अहमदलाई गिरफ्तार गऱ्यो। मुनीर पाकिस्तान स्थित आतंकवादी संगठनसंग जोड़ीएको छ जसको उद्देश्य जम्मू-कश्मीर र देशका अन्य भागमा आतंक फैलाउनका लागि धन जुटाउनु थियो। लश्कर-ए-तैयबा र हिज्ब-उल-मुजाहिदीन जस्तो प्रतिबन्धित आतंकवादी संगठनको संलिप्तता भएको यो साजिश जून दुई हजार बिसमा अघाडी आएको थियो। एन.आई.ए –ले देशमा नार्को-टेरर नेटवर्कलाई खतम गर्न र कश्मीरमा आतङ्की Funding रोक्नका लागि आफ्नो जाँच जारी राखेको छ।

<u>32 सीएजी-शपथ</u>

श्री के. संजय मूर्तिले नियन्त्रक र महालेखा परीक्षकका रूपमा शपथ लिनुभयो। राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले आज राष्ट्रपति भवनमा उहाँलाई पदको शपथ दिलाउनुभयो। श्री मूर्तिले श्री गिरीश चन्द्र मुर्मूको स्थान लिनुभयो जसलाई अगस्त दुई हजार बिसमा नियन्त्रक र महालेखा परीक्षकका रूपमा नियुक्त गरिएको थियो। यस अघी, श्री मूर्तिले शिक्षा मन्त्रालयमा उच्च शिक्षा विभागका सचिवका रूपमा कार्य गर्नुभएको थियो।

<u>महाराष्ट्र वोटर टर्नआउट</u>

महाराष्ट्रमा दुई हजार चोबीसको विधानसभा चुनावका लागि पैँसट्ठी दशमलव एक-एक प्रतिशत मतदान भयो, जो पछिलो तीस वर्षमा सबैभन्दा अधिक हो। वर्ष उन्नाइस सय पन्चानब्बे-मा राज्यमा सबैभन्दा अधिक छयहत्तर दशमलव दुई -पाँच प्रतिशत मतदान कोल्हापुर जिल्लामा भएको थियो। गढ़ चिरौलीमा मतदाताले ठूलो संख्यामा  मतदानमा भाग लिए।

## भारत-बांग्लादेश वापसी

भारतबाट एगाह्र जना  महिल ा  समेत चौबीस जना बांग्लादेशी नागरिक स्वदेश फर्किएका छन् जो  द ुई वर्षदेखी भारतको जेलमा बन्द थ िए। बांग्लादेश पुलिसले भनेको छ भारतले हिजो उनीहरूलाई  रात ी बांग्लादेशको आव्रजन अधिकार ीलाई स ुम्पेको छ । बांग्लादेश आव्रजन पुलिस अधिकारीले बतायो  य ी सबै  द ुई वर्ष पहल ा स्थानीय दलालको सहयोगले न ोकरीको खोजीमा अवैध कागजातको सहार ामा  भारत गएका थिए । कोलकत ्ता पुलिसले उनीहरूलाई गिरफ़्तार गरेको थियो र अदालतले देशमा अवैध प्रवेशका लागि द ुई सालको सज़ाय  सुनाएको थियो। भारतीय पुलिसले उनीहरूको  जेलको अवधि समाप्त भएपछि बांग्लादेशी नागरिकलाई बेनापोल जा ँच चौकीमा आव्रजन पुलिसलाई सुम्पियो।

## राजनाथ सिंह लाओस

रक्षामन्त्री श्री  राजनाथ सिंहले भन्नुभयो , जटिल अन्तर्राष्ट्रीय मुद्द ालाई सुलझाउनका लागि भारतले सधै वार्तालाई प्राथमिकता द िने कुरा गरेको छ । लाओसको विएन तियानेमा आसियानका रक्षामन्त्र ी र उहाँक ा संवाद साझेदारको एघाह्रौं  बैठकलाई संबोधित गर्दै रक्षामन्त्रीले भन्नुभयो, सीमा विवाददेखी ल िएर व्यापार समझौत ा सम्म सबै प्रकारको अन्तर्राष्ट्रीय चुनौत ीलाई भारतले मुक्त संवाद र शान्तिपूर्ण वार्ताका माध्यमले सुलझाएको छ । उहाँले भन्नुभयो, भारतले स्पष ्ट  मान ेको छ कि वैश्विक समस्याको दूरगामी समाधान देश  बीच एक- आपसको दृष्टिकोणको सम्मान गर्दै सार्थक वार्तासिंग प्राप्त गर्न सकिन्छ। । श्री सिंहले भन्नुभयो, लाओसमा य ो बैठक यस्तो सही समयमा हुँदैछ जब विश्वका विभिन्न भागमा संघर्ष चल ेको छ र अंतर्राष्ट्रीय व्यवस्थाका लागि चुनौत ी खड ा छ ।उहाँले भन्नुभयो लाओस बौद्ध धर्मको अहिंसा र शान्तिको सिद्धान्तलाई ल ामो समयदेखी आत्मसात  गरेको छ। । ।

## राजीव - विश्व मत्स्यपालन दिवस

केन्द्रीय मत्स्यपालन, पशुपालन र डेयरी मन्त्री श्री  राजीव रन्जन सिंहले भन्नुभएको छ, देशमा म ाछ ा उत्पादनमा अन्तरदेशीय मत्स्यपालनको हिस्सेदारी समुद्री मत्स्यपालन भन्दा अधिक छ। नयाँ दिल्लीमा विश्व मत्स्यपालन दिवस दुई हजार चौबीसमा संबोधित गर्दै मन्त्रीले भन्नुभयो सरकार मत्स्यपालन क्षेत्रमा सतत विकासका लागि प्रतिबद्ध छ। यस अवसरमा, श्री राजीव रन्जनले पाँचौं  समुद्री मत्स्यपालन जनगणनाको शुभारम्भ गर्नुभयो, जसक ो विवरणले  नीति निर्माणमा सुविधा प्रदान गर्नेछ। उहाँले  शार्कमा राष्ट्रीय कार्य योजनाको पनि शुभारम्भ गर्नुभयो जसक ो उद्देश्य शार्क आबादीको स्थायी र प्रभावी व्यवस्थापन गर्नु हो।

<u>प्रसार भारती - ओटीटी</u>

प्रसार भारतीका अध्यक्ष श्री नवनीत कुमार सहगल-ले भन्नुभयो, नयाँ ओ.टी.टी प्लेटफम शुरू गर्ने कारण केवल स्वस्थ प्रसारण सामग्री उपलब्ध गराउनु नभएर समाजका सबै वर्गका लागि उपयोगी कार्यक्रमको प्रसारण गर्नु हो । हिजो गोवामा भारत अन्तरराष्ट्रीय फिल्म महोत्सवको उद्घाटन समारोहमा लोक प्रसारक प्रसार भारतीका ओ.टी.टी प्लेटफम webs-को शुभारम्भको एक दिन पछि मीडियालाई संबोधित गर्दै श्री सहगलले भन्नुभयो , यस प्लेटफमबाट दूरदर्शनका सबै संग्रहीत लोकप्रिय कार्यक्रम प्रसारण हुनेछ । उहाँले भन्नुभयो , क्षेत्रीय विरासतमा निर्मित सांस्कृतिक कार्यक्रम पनि यसमा शामेल गरिएको छ ।